नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

## परियोजना कार्यान्वयन इकाई, मोरंग

## कार्यक्रममा सहभागिताको लागि प्रस्ताव आहवान सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/०६/०९)
(दोश्रो पटक सूचना प्रकाशित मितिः २०७७/१०/२९)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, मोरंग अन्तर्गत जिल्लाको विभिन्न स्थानमा धान तथा माछा जोन संचालनमा रहेको अवगत गर्दै मोरंग जिल्ला भरका स्थानिय तहहरुको समन्वयमा परियोजनाको प्रभाव क्षेत्रमा प्राथमिक्ताका साथ परियोजना कार्यान्वयन इकाई मोरंगमा सुचिकृत रहेका ईच्छुक कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म)हरु वा अन्य दर्तावाल योग्यहरुले तपशिल बमोजिमका कार्यक्रममा सहभागिताको लागी प्रस्ताव तयार गरि तपशिलमा उल्लेखित कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिले ७औं दिन (मिति २०७७/११/०५) भित्र कार्यालय समय भित्रमा प्रस्ताव दर्ता गर्नुहुन आहवान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र. स. | कार्यक्रमको नाम | परिमाण/ ईकाइ | कार्यक्रम संचालन हुने क्षेत्र | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्दा ध्यान दिनुपर्ने मुख्य मुख्य विवरणहरु |
|---|---|---|---|---|---|
| १. | चक्लाबन्दीमा पकेट/ ब्लक/ जोन संचालनको लागी सहकारी र निजि क्षेत्रबाट माग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | ४ (चार) वटा | मोरंग जिल्लाभरी | ५० % अनुदानमा वा अधिकतम रु १० (दश) लाख मात्र | • न्यूनतम क्षेत्रफल १० हेक्टरमा (निजि) तथा १५ हेक्टरमा(समुह/ सहकारी) हुनुपर्ने ।<br>• एकलबाली खेती वा चक्लाबन्दी खेती विस्तार गरिनुपर्ने ।<br>• एकलबालीको हकमा बीजवृद्दि मात्र समावेश हुने । |
| २. | भण्डारण प्राथमिक प्रसोधन उद्योग स्थापना | १ (एक) वटा | मोरंग जिल्लाभरी | ५० % अनुदानमा वा अधिकतम रु २५ (पचिस) लाख मात्र | • लागत अनुमान डिजाइन ड्रइंग सहित प्रस्तावना पत्र सहितको निवेदन । |

**आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु :**

१. रु१० को टिकट सहितको कार्यलयबाट तयार गरिएको ढाँचाको प्रस्ताव पत्र सहितको निवेदन फारम ।
२. संस्थाको दर्ता प्रमाणपत्र तथा निर्णयको प्रतिलिपि।
३. संस्थाको गत आ.व. २०७६/७७ को कर चुक्ता दर्ता प्रमाणपत्र र नागरिकताको प्रतिलिपि र जग्गाको लालपुर्जाको प्रतिलिपि।
४. जग्गाको चारकिल्ला खुलेको प्रमाणपत्र तथा ब्लुप्रिन्ट नक्सा।
५. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौता पत्र।
६. सम्वन्धित वडा/स्थानीय तहको सोही प्रकृतिको कामको लागि अनुदान नलिएको खुल्ने गरी सिफारिसपत्र।
७. क्षेत्रफल विस्तार कार्यक्रमहरुको हकमा सहभागी हुँदा समुह/सहकारी को हकमा कम्तिमा १५ हेक्टर तथा निजी फर्मको हकमा कम्तिमा १० हेक्टरमा रही एकलबाली चक्लाबन्दीको मोडेल उन्मुखलाई प्राथमिकता दिईनेछ ।

वरिष्ठ कृषि अधिकृत

*नोटः विगत दुई आ.व. भित्र अनुदान नलिएका कृषक समुह/ कृषि सहकारी/ जल उपभोक्ता समिति/कृषि उद्यमी/ फर्म/ कम्पनीहरुलाई कार्यक्रम छनौटमा प्राथमिकता दिईनेछ।* विस्तृत जानकारीका लागि परियोजना कार्यान्वयन इकाई, मोरंगमा सम्पर्क राख्नहोला। सम्पर्क नं. ०२१-५०३०४०/९८५२०८१००६ सूचना अधिकारी ईमेलः pmamp.piu.morang@gmail.com